प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# शान्ति पार्क निर्माण साझेदारी कार्यविधि,२०७६

स्वीकृत मितिः २०७६।०६।१८

प्रस्तावनाः प्रदेश सरकारको आ.व. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम अनुरुप राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले गरेको त्याग र बलिदानको सम्मान गर्न, द्वन्दको घाउ बिर्साउन र दिगो शान्ति कायम गर्न र आर्थिक समृद्धिमा सहयोग गर्ने उदेश्यले प्रदेश र स्थानीय तहको साझेदारीमा संवत् २०७९ सम्ममा द्वन्द प्रभावको प्रकृति अनुसार सबै स्थानीय तहमा शान्ति पार्क, स्मारक, शहिद तथा बेपत्ता प्रतिष्ठन, शान्ति संग्राहलय जस्ता शान्ति पार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक व्यवस्था गर्न प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको "प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६" को दफा ४ को उपदफा (२) मा उल्लिखित एक भन्दा बढी मन्त्रालय सँग सम्बन्धित साझा रुपमा लागू हुने विषय बाहेक मन्त्रालयको एकल रुपमा छुट्टै कार्यविधि आवश्यक पर्ने विषयमा विभागीय मन्त्रीस्तरबाट कार्यविधि स्वीकृत गराई कार्यान्वयन गर्न सकिने व्यवस्था बमोजिम मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "शान्ति पार्क निर्माण साझेदारी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "शान्ति पार्क" भन्नाले राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले गरेको त्याग र बलिदानको सम्मान गर्न, द्वन्दको पीडा कम गराउन र दिगो शान्ति स्थापना कायम गर्ने र आर्थिक समृद्धिमा सहयोग गर्ने उद्देश्यले प्रदेश र स्थानीय तहको साझेदारीमा द्वन्द प्रभावको प्रकृति अनुसार पार्कभित्र निर्माण हुने स्मारक, संग्राहलय लगायतका यस्तै पूर्वाधार समेत भएको संरचना सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले यस प्रदेशमा रहेका उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका सम्झनु पर्छ।

३. पार्क भित्र निर्माण गर्नु पर्ने पुर्वाधारः (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा निर्माण हुने शान्ति पार्क भित्र देहायका पूर्वाधारहरु निर्माण गर्नु पर्ने छः-

(क) सभा सम्मेलन, योग सिविर, ध्यान, प्रवचन, गोष्ठी तथा अन्तक्रिया गर्न मिल्ने हलहरु,

(ख) पर्याप्त मनोरञ्जन गर्न मिल्ने बाल, बृद्ध र अपाङ्गमैत्री उद्यान,

(ग) एक शान्ति स्तम्भ वा स्मारक,

(घ) राष्ट्रिय स्तरको आन्दोलन तथा द्वन्द्वको क्रममा ज्यान गुमाएका सम्बन्धित स्थानीय तह भित्रका सहिद तथा वेपत्ताहरुको नामावली सहितको सालिक,

(ङ) प्रर्याप्त घुम्न मिल्ने पैदल मार्ग,

(च) सामान्य स्वास्थ्य उपचार कक्ष,

(छ) खानेपानी, शौचालय र पार्किङ्ग स्थल,

(ज) प्रदेश र स्थानीयतहको साझेदारीमा निर्मित भएको भनि उल्लेख गरेको बोर्ड।

(२) उपदफा (१) मा उल्लिखित पूर्वाधारका अतिरिक्त सम्बन्धित स्थानीय तहले आवश्यक ठानेका सम्बन्धित स्थानीय तहको सांस्कृतिक पहिचान तथा विविधता झल्किने किसिमका अन्य पूर्वाधारहरु निर्माण गर्न सक्ने छ।

४. **स्थानीय तह छनौट सम्बन्धी व्यवस्था**: (१) यस कार्यविधि बमोजिम शान्ति पार्कका लागि सहयोग रकम प्राप्त गर्ने प्रदेशका इच्छुक स्थानीय तहले लागत साझेदारी सहितको प्रस्ताव अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) मन्त्रालयले शान्ति पार्क निर्माणको लागि प्रदेशका सबै वा इच्छुक स्थानीय तहसँग निश्चित समय तोकि प्रस्ताव माग गर्न सक्नेछ ।

(३) दफा ६ बमोजिमको छनौट समतिले उपदफा (१) र (२) बमोजिम प्राप्त प्रस्तावलाई दफा ५ को आधारमा आवश्यक स्थानीय तह छनौट गरी कार्य सम्पादन सम्झौताको लागि मन्त्रालयलाई सिफारिस गर्नेछ ।

५. **स्थानीय तह छनौटका आधार**:(१) दफा ६ बमोजिमको समितिले सम्बन्धित स्थानीय तहबाट पेश भएका शान्ति पार्क लगायतको निर्माणको लागि स्थानीय तह छनौट गर्दा देहायको आधारलाई प्राथमिकता दिनु पर्नेछ :-

(क) स्थानीय तहसँग सम्बन्धित शीर्षकमा रहेको कार्यक्रम तथा बजेट,

(ख) कार्यक्रम सञ्चालन गर्ने स्पष्ट कार्ययोजना सहितको प्रस्ताव,

(ग) यस्तै प्रकृतिको काममा अघिल्लो आर्थिक वर्षमा गरेको कामको सपन्न वा प्रगति विवरण,

(घ) स्थानीय तहको नाममा जग्गा रहेको वा वन क्षेत्रभन्दा बाहिरको सम्बन्धित स्थानीयतहले संरक्षण गर्नु पर्ने सार्वजनिक जग्गा वा सामुदायिक वनभित्रको पार्क निर्माण गर्ने कार्ययोजनामा परेको जग्गा,

(ङ) कार्यक्रमबाट लाभान्वित हुने जनसंख्या,

(च) एक आर्थिक वर्षभित्र सम्पन्न गर्ने कुरा।

(२) उपदफा (१) बमोजिम छनौट गर्दा दफा ६ बमोजिमको समितिले प्रदेशका सबै जिल्लाका कम्तिमा एक स्थानीय तह पर्ने गरी छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहको छनौट गर्दा देहायको स्थानमा कम्तीमा देहाय बमोजिम क्षेत्रफल भएको स्थान सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी प्रस्ताव पेश गर्नु पर्नेछः-

| | |
|---|---|
| (क) हिमाली/पहाडी क्षेत्रमा | -तीस रोपनी |
| (ख) काठमाण्डौ उपत्यका | -पाँच रोपनी |
| (ग) तराई/भित्रि मधेशमा | -एक विघा |

६. **सिफारिस समिति** : (१) यस कार्यविधी बमोजिम शान्ति पार्क निर्माणका लागि प्राप्त भएका प्रस्तावको अध्ययन गरी छनौटको सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रलाय | -संयोजक |
| (ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (ङ) प्रमुख, प्रदेश लेखा नियन्त्रकको कार्यालय | -सदस्य |
| (च) सम्बन्धित महाशाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

७. <u>साझेदारी गर्न नसकिने अवस्था:</u> (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको प्रकृतिका कार्यक्रम सञ्चालन गर्नका लागि लागत साझेदारी गरिने छैनः-

(क) तलव भत्ता लगायत प्रशासनिक तथा साधारण खर्च हुने,

(ख) कुनै राजनैतिक दल वा धर्म वा सम्प्रदाय विशेषलाई मात्र लाभ पुग्ने,

(ग) राष्ट्रिय एकता तथा सामाजिक सद्भाव खलबलिने,

(घ) वातावरण संरक्षणमा प्रतिकूल असर पुऱ्याउने,

(ङ) सोही क्रियाकलापमा दोहोरो साझेदारी प्रयोग हुने।

(२) यस कार्यविधि बमोजिम भएको साझेदारी रकमबाट कुनै स्थानीय तहले उपदफा (१) बमोजिमको कार्य गरेमा सम्बन्धित स्थानीय तह प्रचलित कानून बमोजिम जवाफदेही हुनु पर्नेछ ।

८. <u>लागत साझेदारी र सोको रकम निकासा तथा भुक्तानी प्रकृया :</u> (१) यस कार्यविधी बमोजिम शान्ति पार्क पूर्वाधार निर्माणको लागि लागत साझेदारी गर्दा मन्त्रालयले देहाय बमोजिमको रकम साझेदारी गर्न सक्नेछः-

(क) उपमहानगरपालिकाको हकमा बढीमा तीस प्रतिशत,

(ख) नगरपालिकाको हकमा बढीमा चालिस प्रतिशत, र

(ग) गाउँपालिकाको हकमा बढीमा पचास प्रतिशत।

(२) दफा ६ बमोजिमको समितिले छनौटको सिफारिस गरेको स्थानीय तहलाई लागत साझेदारी रकम निकासा र भुक्तानी उपदफा (१) को आधारमा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि,२०७६ को परिच्छेद ४ बमोजिम गरिनेछ।

(३) उपदफा (२) बमोजिमको रकम प्राप्त गर्ने सम्बन्धित स्थानीय तहले सम्झौता बमोजिमको रकम तोकिएको समयभित्र खर्च गर्नु गराउनु पर्नेछ ।

९. <u>स्थानीय तहको काम र कर्तव्य:</u> (१) यस कार्यविधि बमोजिम छनौट भएका स्थानीय तहको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) जुन कार्यक्रमका लागि साझेदारी लिएको हो सोही कार्यक्रममा मात्र साझेदारी रकम खर्च गर्नु पर्ने,

(ख) सम्पन्न गर्ने पूर्वाधार सम्बन्धी आयोजनाको विवरण कार्यक्रम स्थलमा देखिने गरी राख्ने व्यवस्था मिलाउनु पर्ने,

(ग) खर्चको मितव्ययिता तथा साझेदारीको सदुपयोगका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली अपनाउनु पर्ने,

(घ) कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा जोड दिनु पर्ने,

(ङ) खर्च प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र प्रदेश सार्वजनिक खरिद नियमावली बमोजिम हुनु पर्ने,

(च) निर्माण कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाई गराउनु पर्ने,

(छ) सम्झौता बमोजिमको कार्यक्रम तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्ने।

(२) समयमा निर्माण कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तह हुनेछ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१०. <u>उल्लेख गर्नु पर्ने</u>: यस कार्यविधि बमोजिम निर्माण हुने शान्ति पार्क पूर्वाधारको कार्य प्रारम्भ गर्दाका बखत नै सबैले देखिने ठाउँमा स्पष्ट रुपमा साझेदारहरुको (मन्त्रालय र सम्बन्धित स्थानीय तह) नाम उल्लेख गरी विवरण राख्नु पर्नेछ ।

११. <u>विशेष साझेदारी गर्न सक्ने</u>: सम्बन्धित स्थानीय तहले यो कार्यविधि स्वीकृत हुनु अघि कुनै प्रकृयाबाट शुरु भई सम्पन्न हुन नसकेका शान्ति पार्क, स्मारक जस्ता पूर्वाधारमा समेत त्यस्तो स्थानीय तहले लागत साझेदारीमा आयोजना सम्पन्न गर्ने गरी प्रस्ताव पेश गरेमा मन्त्रालयले त्यस्तो आयोजनामा समेत यस कार्यविधि बमोजिम लागत साझेदारी गर्न सक्नेछ ।

१२. <u>पार्क संरक्षण समिति</u>: यस कार्यविधि बमोजिम निर्माण हुने वा भएको पार्कको संरक्षण गर्न सम्बन्धित स्थानीय तहले एक पार्क संरक्षण समिति गठन गर्नु पर्नेछ।

१३. <u>निर्देशन, अनुगमन तथा प्रतिवेदन</u>: (१) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा समीक्षा गर्नका लागि देहाय बमोजिमको निर्देशन तथा अनुगमन समिति रहनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष
(ख) सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख - सदस्य
(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य
(घ) प्रमुख, पूर्वाधार विकास कार्यालय(सम्बन्धित जिल्ला हेर्ने डिभिजन कार्यालय) -सदस्य
(ङ) प्रमुख, सम्बन्धित महाशाखा - सदस्य सचिव

(२) निर्देशन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,
(ख) मन्त्रालय र स्थानीय तहबीच समन्वय एवं सहकार्य गर्ने,
(ग) कार्यक्रमको उपयोगिता र सान्दर्भिकताको बारेमा समीक्षा गर्ने।

(२) यस कार्यविधि बमोजिम शान्ति पार्क पूर्वाधार निर्माणका लागि सम्झौता भएको आयोजनाको मन्त्रालयले जुनसूकै बखत अनुगमन गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम छनौट भई सम्झौता गरेका स्थानीय तहले त्यस्तो कार्य प्रारम्भ भए पश्चात चौमासिक रुपमा र कार्य सम्पन्न भए पश्चात एक महिनाभित्र अनुसूची-२ बमोजिमको ढाँचामा कार्य प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१४. <u>प्रचलित कानून बमोजिम गराउनु पर्ने</u> : यस कार्यविधि बमोजिम शान्ति पार्क पूर्वाधारको निर्माण गर्ने स्थानीय तहले प्रचलित सार्वजनिक खरिद ऐन नियमावली बमोजिम गर्न गर्नु पर्नेछ।

१५. <u>लेखा तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था</u>:यस कार्यविधि बमोजिम शान्ति पार्क पूर्वाधार निर्माणका लागि प्रदान गरिएको रकमको सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम लेखा राखी त्यसको लेखा परीक्षण गर्नु गराउनु पर्नेछ ।

१६. <u>बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्ने</u>: यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइ पर्े मन्त्रलयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाइ कार्यान्वयन गर्न सक्नेछ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची - १
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**कार्यक्रम साझेदारीको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति : ......................

श्रीमान् सचिवज्यू,

......................मन्त्रालय

....................................।

विषयः साझेदारी उपलब्ध गराइदिनुहुन।

प्रस्तुत विषयमा त्यस मन्त्रालयबाट मिति ......... मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न बजेट आवश्यक परेको हुँदा साझेदारी उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं।

तपसिलः

साझेदारी माग गर्ने निकायको नाम :

ठेगानाः

कार्यक्रमको नामः

कार्यक्रमको आवश्यकता तथा उद्देश्य :

साझेदारी रकम आवश्यक पर्ने कारणः

सञ्चालन हुने कार्यक्रम नयाँ वा क्रमागत के हो (क्रमागत भए गत आ.ब. सम्मको लेखापरीक्षण प्रतिवेदन)-

साझेदारी रकम आवश्यक पर्ने भनी सम्बद्ध समितिको निर्णय तथा सिफारिसः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागत (प्रमाणित लागत अनुमान सहित):

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित संभाव्य जनसंख्याः

प्रशासकीय प्रमुख

नाम थर :

पद :

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची - २
(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)
**प्रगति प्रतिवेदनको ढाँचा**

कार्यक्रमको नामः
कार्यक्रम सञ्चालन गर्ने निकायको नामः
कार्यक्रम सञ्चालन अवधिः

| क्र.सं. | कार्यक्रमको नाम | साझेदारी रकम रु | लक्ष्य (इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | चौमासिक/ समपन्न/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |
| | | | | | | | | | |

**प्रशासकीय प्रमुख**
दस्तखतः
नामः
पदः

# शान्ति पार्क निर्माण साझेदारी (पहिलो संशोधन) कार्यविधि, २०७६

मन्त्रालयबाट स्वीकृत मितिः
२०७६/१०/०२

**प्रस्तावनाः** शान्ति पार्क निर्माण साझेदारी कार्यविधि, २०७६ मा केही संशोधन गर्न वाञ्छनीय भएकोले मन्त्रालयले देहाय वमोजिम संशोधन गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "शान्ति पार्क निर्माण साझदारी ( पहिलो संशोधन) कार्यविधि, २०७६ रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत मितिदेखि प्रारम्भ हुनेछ।

२. **शान्ति पार्क निर्माण साझेदारी कार्यविधि, २०७६ को दफा ५ मा संशोधनः** शान्ति पार्क निर्माण साझेदारी कार्यविधि, २०७६ (यस पछि मूल कार्यविधि भनिएको) को दफा ५ को उपदफा (१) को खण्ड (घ) मा उल्लिखित "सार्वजनिक" भन्ने शब्दको सट्टा "सरकारी" भन्ने शव्द राखिएको छ।

३. **मूल कार्यविधिको अनुसूची-१ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-१ को तपसिल खण्डको अन्त्यमा देहाय विवरण समेत थपिएका छन् :-

"जग्गाको प्रकृति र क्षेत्रफल समेत खुल्ने जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि र जग्गा कुन प्रकृतिको हो भन्ने स्पष्ट प्रमाणित प्रतिलिपि सहितको जग्गा चार किल्ला विवरण।"

भीमकराम जम्कट्टेल
मन्त्री